लेखापरीक्षण प्रतिवेदन

छार्का ताङसोङ गाउँपालिका, डोल्पा

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

छार्का ताङ्सोङ गाउँपालिका, डोल्पा

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/218

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,

छार्का ताङसोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

डोल्पा।

कैफियत सहितको राय

हामीले छार्का ताङसोङ गाउँपालिका, डोल्पाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको लगायतको रु. ८८ लाख ८८ हजार समावेश गरेको छैन।

२. पालिकाको रु.३९ करोड ३१ लाख ८५ हजार लेखापरीक्षण गरिएकोमा रू. १ करोड १ लाख ६९ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया प्राप्त नभई बाँकी बेरुजु मध्ये असुल गर्नुपर्ने रू. ४० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ९० लाख २९ हजार, नियमित गर्नुपर्ने रु.११ लाख रहेको छ। गत वर्षसम्म रु. ६ करोड ५३ लाख ७१ हजार बेरुजू बाँकी रहेकोमा सम्परीक्षणबाट रु.११ लाख ४३ हजार फर्स्योट भई यस बर्षको रु.१ करोड १ लाख ६९ हजार

बेरुजु थप हुँदा हालसम्मको अद्यावधिक बेरुजू रु.७ करोड ४३ लाख ९६ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा सबै लेखा टिप्पणीहरु र सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने छार्का ताङसोङ गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

यो छार्का ताङसोङ गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी छार्का ताङसोङ गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटीका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटी पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटीका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(राम प्रकाश महतो)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु आर्थिक वर्षको

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
३९	७	१,०१,६९,१०३	०	०	०	०	३९	७	१,०१,६९,१०३	४०,४२२	११,००,०००	९०,२८,६८१	०	०	१,०१,२८,६८१	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्र्यौट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
डोल्पा	६,५३,७१,०००	०	११,४३,३२०	६,४२,२७,६८०	०	१,०१,६९,१०३	७,४३,९६,७८३

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०७८/७९	विभिन्न	करार कर्मचारीलाई भत्ता	६,४३,३२०
२	२०७९/८०	विभिन्न	पेश्की बाँकी	५,००,०००
जम्मा				**११,४३,३२०**

(८०६६१५०२३०० - छार्का ताङसोङ गाउँपालिका, डोल्पा)

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस छार्का ताङसोङ गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ।यस गाउँपालिका अन्तर्गत ६ वडा, २८ सभा सदस्य, ३४५.५ वर्ग किलोमिटर क्षेत्रफल तथा १६७८ जना जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतितपत्र गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।१६ देखि २०८०।५।१८ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतितपत्र जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतितपत्रमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतितपत्र जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतितपत्रमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय-व्यय तर्फ रु.३९ करोड ३१ लाख ८५ हजारको लेखापरीक्षण गरिएको रकमको बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.६,४७१/- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरणको विश्लेषण -**

२.१ **वित्तीय विवरण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०८०।८१ को समग्र सञ्चित कोषको संक्षिप्त अवस्था निम्नानुसार रहेको छ ।

क्र.स./ आर्थिक सङ्केत	विवरण	चालु आ.ब.को कारोबार		गत आ.ब. को कारोबार	
		नगद	जम्मा	नगद	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति				
११०००	कर	३,६४,६८,१५९.६२	३,६४,६८१५९.६२	३,६५,८६८८२.३६	३,६५,८६,८८२.३६
१३०००	अनुदान	१४,५४,७१,०९२	१४५४७१०९२.००	१७,७५,२५०८१.५	१७,७५,२५,०८१.५०
१४०००	अन्य राजस्व	५,६४,१६९.१२	५,६४,१६९.१२	२,०७,७५१.००	२,०७,७५१.००
क	**कुल जम्मा प्राप्ति**	१८२५०३४२०.७४	१८२५०३४२०.७४	२१४३१९७१४.८६	२१,४३,१९,७१४.८६
३	चालु	१०९७३००२४.९२	१०९७३००२४.९२	१०२७९१२७८.४१	१०,२७,९१,२७८.४१
२१०००	पारिश्रमिक / सुविधा	२,६५,३८,८७१.४४	२,६५,३८८७१.४४	३०९०३३३९.११	३,०९,०३,३३९.११
२२०००	मालसामान तथा सेवाको उपयोग	५,७४,७४,०६१.८८	५,७४,७४०६१.८८	५,४५,०२,७०५	५,४५,०२,७०५.००
२५०००	सहायता (Subsidy)	०	०	४,५०,०००.००	४,५०,०००.००
२६०००	अनुदान	१,१५,७४,७५१.६०	११५७४७५१.६०	१,१७५०८९७.३०	१,१७,५०,८९७.३०
२७०००	सामाजिक सुरक्षा	३७,२६,१८४.००	३७,२६,१८४.००	१९,४९,८५१.००	१९,४९,८५१.००
२८०००	अन्य खर्च	१,०४,१६,१५६.००	१,०४,१६,१५६	३२,३४,४८६.००	३२,३४,४८६.००
४	पूंजीगत	७,५९,८९,७५१.००	७,५९,८९,७५१	१०,७१,९४,८८७	१०,७१,९४,८८७.००
३१११०	भवन तथा संरचना	१,४२,९७,२१७.००	१,४२,९७,२१७.०	४७,५०,०००.००	४७,५०,०००.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	५२,५७,०८५.००	५२,५७,०८५.००	१,१६,२९,६९१	१,१६,२९,६९१.००
३११३०	अन्य पूँजीगत खर्च	०	०	२८,४१,१९४.००	२८,४१,१९४.००
३११५०	सार्वजनिक निर्माण	५,६४,३५,४४९.००	५,६४,३५,४४९	८,७९,७४,००२	८,७९,७४,००२.००
ख)	कुल जम्मा भुक्तानी	१८५७१९७७५.९२	१८५७१९७७५.९२	२०९९८६१६५.४१	२०,९९,८६,१६५.४१
ग)	बचत /कमी (ग = क-ख)	(३२,१६,३५५.१८)	(३२,१६,३५५.१८)	४३,३३,५४९.४५	४३,३३,५४९.४५
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)	(१४,३५,८३२.३२)	(१४,३५,८३२.३२)	२१,३१,५८५.४७	२१,३१,५८५.४७
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			(१९,४६,१५५.००)	(१९,४६,१५५.००)
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)	(४६,५२,१८७.५०)	(४६,५२,१८७.५०)	६४,६५,१३४.९२	६४,६५,१३४.९२
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात	४,८२,९८,४०७.४०	४,८२,९८४०७.४०	३,२६,५००३८.७८	३,२६,५०,०३८.७८
छ)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	४,३६,४६२१९.९०	४,३६,४६२१९.९०	३,९१,१५१७३.७०	३,९१,१५,१७३.७०

२.२ आर्थिक विवरणको विश्लेशण

• पालिकाले पेश गरेको वित्तीय विवरण अनुसार पालिकाको संचित कोषमा अन्तिम मौज्दात बैंकामा रु.४,५२,७९,६०१.५३/- रहेको देखिन्छ भने श्रेष्तामा मौज्दात (म.ले.प.फा.नं. २७०) रु.४,३६,४६,२१९.९०/- देखिन्छ ।

• (म.ले.प.फा.नं. २७०) अनुसार पालिकाको गत आर्थिक वर्षमा बैंकमा मौज्दात रु.४,८२,९८,४०७.४०/- रहेकोमा यस वर्षमा रु.४,८२,९६,६८९.४/- जिम्मेवारी सारेको देखिन्छ । आर्थिक वर्ष २०७९।८० को महालेखापरीक्षको प्रतिवेदनमा बैंक मौज्दात रु.४,११,६७,४१४.२५/- रहेको देखिन्छ । तसर्थ पालिकाको म.ले.प.फा.नं. २७० को मौज्दात र महालेखापरीक्षको प्रतिवेदनमा देखिएको मौज्दात भन्दा रु.७,१२,९७५.१५/- बढी जिम्मेवारी सारेको देखिएको छ ।

• म.ले.प.फा.नं. २७० र म.ले.प.फा.नं. २७५ मा जम्मा बजेट रु.२३,२४,६५,७३०/- तथा CGAS तर्फ रु.८८,८८,६१०/- गरी जम्मा पालिकाको बजेट रु.२४,१३,५४,३४०/- रहेको देखिन्छ । म.ले.प.फा.नं. २७० मा CGAS तर्फको बजेट समावेश भएको छैन । सहि र यथार्थपरक आर्थिक अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

२.३ **बैंक हिसाब मिलान** - स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । पालिकाको यस आर्थिक वर्षको बैंक हिसाब मिलानको अवस्था देहाय बमोजिम रहेको छ ।

खाताको नाम	श्रेस्ता अनुसार बाँकी	बैंक स्टेटमेण्ट अनुसार बाँकी	फरक
धरौटी	५१,६७,७३२	५१,६७,७३२	०
संचित कोष	३,८०,२२,४४३	४,००,६३,३४३	२०४०९००
जम्मा	**४,३१,९०,१७५**	**४,५२,३१,०७५**	**२०,४०,९००**

उपरोक्त विवरण अनुसार पालिकाको श्रेष्ता अनुसार बाँकी रु.४,३१,९०,१७५/- र बैंक स्टेटमेण्ट अनुसार रु.४,५२,३१,०७५/- बाँकी रहेको देखियो।उक्त विवरण अनुसार पालिकाको श्रेस्तामा भन्दा बैंकमा रु.२० लाख ४० हजार बढी देखियो। आगामी वर्षको बजेटमा हिसाब मिलान गरी यथार्थ वित्तीय विवरण तयार गर्नुपर्दछ ।

३ **आन्तरिक नियन्त्रण** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८१ मा आन्तरिक नियन्त्रण सम्बन्धी व्यवस्था गरेको छ । पालिकाबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाको आन्तरिक नियन्त्रण व्यवस्था सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु देहाय बमोजिम छन् :

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ बमोजिम खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको

• कर्मचारीहरुले सम्बन्धित वडा/पालिका भित्र भ्रमण गरेको जनाई ७ दिन सम्मको दैनिक भ्रमण भत्ता भुक्तानी लिने गरेको ।

• स्पष्ट उद्देश्य र प्रयोजन नखुलाई कर्मचारी तथा पदाधिकारीहरुको भ्रमण आदेश स्वीकृत हुने गरेको ।

• पालिका भित्र संचालनमा रहेका सहकारी संस्थाको अनुगमन नगरेको ।

• तोकिए बमोजिम भवन संहिताको कार्यान्वयन र त्यसको नियमन नगरेको ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई कार्यसम्पादन स्थिति सुधारमा ध्यान दिनुपर्दछ ।

४ **बजेट तथा कार्यक्रम** -

४.१ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्षले मिति २०८०।०३।१० गते रु.२७,१३,२२,४९८/- को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।०३।१० मा नै पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०५।०१२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

४.२ **बजेट विनियोजन** - आर्थिक वर्ष २०८०।८१ को पालिकाको कुल बजेट मध्ये चालु र पूँजीगत बजेट देहाय बमोजिम विनियोजन गरेको छ ।

कुल बजेट रु.	चालु बजेट रु.	प्रतिशत	पूँजीगत बजेट रु.	प्रतिशत
२७,१३,२२,४९८.९३	१४,०८,७५,३४१	५१.९२	१३,०४,४७,१५७	४८.०८

उक्त विवरण अनुसार पालिकाको यस आर्थिक वर्षमा कुल रु.२७ करोड १३ लाख २२ हजार बजेट विनियोजन गरेकोमा चालु तर्फ ४८.०८ प्रतिशत र पूँजीगत तर्फ ५१.९२ प्रतिशत बजेट विनियोजन भएको छ ।

४.३ **बजेट तथा पूँजीगत खर्च** - गाउँपालिकाको यस आर्थिक वर्षको बजेट र पूँजीगत खर्चको अवस्था देहाय बमोजिम रहेको छ ।

क्र.स.	आर्थिक वर्ष	बजेट रु.	पूँजीगत खर्च रु.	बजेटको तुलनामा पूँजीगत खर्चको प्रतिशत
१	२०८०।८१	१३,०४,४७,१५७	७,५९,८९,७५१	५८.२५

पालिकाले यस वर्ष पूँजीगत तर्फ रु.१३ करोड ४ लाख ४७ हजार विनियोजन गरेकोमा रु.७ करोड ५९ लाख ८९ हजार खर्च गरेको छ, जुन विनियोजित बजेटको तुलनामा ५८.२५ प्रतिशत हुन आउँछ ।

४.४ **बजेट तथा चालु खर्च** - पालिकाहरुमा वार्षिक कार्यक्रम तथा बजेट परिषदबाट स्वीकृत गरी बजेट विनियोजन गरिएको हुन्छ ।

क्र.स.	आर्थिक वर्ष	बजेट रु.	चालु खर्च रु.	बजेटको तुलनामा चालु खर्चको प्रतिशत
१	२०८०/८१	१४,०८,७५,३४१	१०,९७,३०,०२४.९२	७७.८९

पालिकाले यस वर्ष चालु तर्फ रु.१४ करोड ८ लाख ७५ हजार विनियोजन गरेकोमा रु.१० करोड ९७ लाख ३०हजार खर्च गरेको छ, जुन विनियोजित बजेटको तुलनामा ७७.८९ प्रतिशत हुन आउँछ ।

४.५ **क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा प्राथमिकता प्राप्त क्षेत्रमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ । पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्य क्षेत्र	वार्षिक पूँजीगत बजेट रु.	खर्च रकम रु.	कुल खर्च मध्ये प्रतिशत
सडक निर्माण तथा मर्मत	५,५७,१६,९८४	२,२५,०७,८६७.१०	४०
खानेपानी तथा सरसफाई		६१,७२,०७१.७७	१२
भवन निर्माण		१,७४,३७,८१५	३१
सम्पदा पूर्वाधार		९५,९९,२३१.७६	१७
जम्मा	५,५७,१६,९८४	५,५७,१६,९८४	

उपरोक्त विवरण अनुसार पालिकाले पूँजीगत बजेट रु.५ करोड ५७ लाख १६ हजार लेखेकोमा सडक निर्माण तथा मर्मतमा ४० प्रतिशत, खानेपानी तथा सरसफाईमा १२ प्रतिशत, भवन निर्माणमा ३१ प्रतिशत र सम्पदा पूर्वाधारमा १७ प्रतिशत बजेट खर्च भएको देखिन्छ ।

४.६ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुची २ बमोजिम त्रैमासिक प्रगति विवरण बनाउनु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक वर्षमा गरेको पूँजीगत खर्चको स्थिती देहाय बमोजिम रहेको छ।

सि.नं.	पूँजीगत खर्च शीर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको मात्र खर्च
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	
१	संघीय पूँजीगत	७५,२५,६१७	०	२७,००,१४०	०	४८,२५,४७७	४८,२५,४७७
२	प्रदेश पूँजीगत	१,३३,८७,७११	०	१६,००,०००	२,८४,०००	१,१५,०३,७११	६६,७८,२२४
३	गाउँपालिका पूँजीगत	५,५०,७६,४२३	१,४५,९८,९३८	१,४९,०१,४५९	३२,५६,२२८	२,२३,१९,७९८	१,४०,३९,३७४
कूल खर्च		**७,५९,८९,७५१**	१,४५,९८,९३८	**१,९२,०१,५९९**	**३५,४०,२२८**	**३,८६,४८,९८६**	**२,५५,४३,०७५**
खर्च प्रतिशत		**जम्मा**	**१९.२१**	**२५.२७**	**४.६७**	**५०.८६**	**३३.६१**

उल्लेखित विवरण अनुसार चौथो त्रैमासिक पूँजीगत खर्चको ५०.८६ प्रतिशत खर्च भएको देखिन्छ, भने असार महिनामा मात्र ३३.६१ प्रतिशत खर्च भएको देखिन्छ।त्यसैले तोकिएको समयमा ठेक्का/निर्माण कार्य व्यवस्थापन गरी चौथो त्रैमासिकमा बढी खर्च गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

५ योजना तर्जुमा र कार्यान्वयन तर्फ

५.१ **योजना छनौट र कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ।पालिकाले यस वर्ष कार्यान्वायन गरेका योजनाहरुको विवरण देहाय बमोजिम रहेको छ ।

क्र. सं.	विवरण	योजना संख्या	रकम
१	रु.१ लाख भन्दा कमको योजना	0	0
२	रु.१ लाख देखि रु.३ लाख सम्मका योजना	०	०
३	रु.३ लाख देखि माथि रु.५ लाख सम्मका योजना	१	५,००,०००
४	रु.५ लाख देखि माथि रु.१० लाख सम्मका योजना	८	५३,१६,०००
५	रु.१० लाख देखि माथि रु.२५ लाख सम्मका योजना	१०	१,९८,३४,०००
६	रु.२५ लाख भन्दा माथीका योजना	१०	२०,३९,७१,७५८.५०
जम्मा		२९	२२,९६,२१,७५८.५०

पालिकाले बजेट विनियोजन गर्दा ठुला र प्राथमिकता प्राप्त योजना छनौटमा ध्यान दिई लक्षित उद्देश्य प्राप्त गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

५.२ **सडक निर्माण** - पालिकाले उपलब्ध गराएको विवरण अनुसार यो वर्ष पालिकाले ठेक्का तथा उपभोक्ता समितिबाट सञ्चालित योजनाबाट सडक निर्माणको अवस्था देहाय बमोजिम रहेको छ ।

क्र.स	योजनाको नाम	ईकाई	२०८०/८१ सम्मको स्थिति	२०८०।८१ मा थप
१.	सडक पिच	कि.मि.	०.२५	०.१८
२.	ग्रावेल	घन मि	०	०
३.	नयाँ ट्र्याक	कि.मि.	१२९	४१.३१८
	जम्मा		१२९.२५०	४१.४९८

५.३ **ठेक्का बन्दोवस्त** - कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयबाट भएको खरिद व्यवस्थापन सम्बन्धि संक्षिप्त विवरण देहाय अनुसार रहेको छ ।

कार्यक्रम/ शीर्षक	खरिद सम्झौता								यस बर्ष सम्पन्न		
	कुल जम्मा		प्रथम चौमासिक		दोस्रो चौमासिक		तेस्रो चौमासिक				
	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	
बोलपत्रबाट	८	१४८८८५०७१	१	१००००००००	०	०	६	१९६५५१००	६	१९६५५१००	

उल्लेखित विवरण अनुसार यो वर्ष कार्यालयले विभिन्न कार्यको लागी रु.१४ करोड ८८ लाख ८५ हजार लागतको ८ ठेक्का वन्दोवस्त गरेकोमा तेश्रो चौमासिकमा रु.१ करोड ९६ लाख ५५ हजारको ६ ठेक्का व्यवस्थापन भएको देखिन्छ । यो वर्ष भएको ठेक्का व्यवस्थापन मध्ये यो वर्ष रु.१ करोड ९६ लाख ५५ हजार बराबरको ६ ठेक्का सम्पन्न भएको अवस्था छ ।

५.४ **ठेक्का प्रतिस्पर्धा** - पालिकामा यस आर्थिक वर्षमा भएका ठेक्का मध्ये केहीको प्रतिस्पर्धाको विवरण देहाय बमोजिम रहेको छ ।

क्र स	योजनाको नाम	प्रतिस्पर्धी गर्ने संख्या	लागत अनुमान (भ्याट बाहेक)	कबोल रकम	घटी प्रतिशत	ठेक्का परेको बोलपत्रदाता
१	गाउँपालिका प्रशासकीय भवन	४	११६९७३०२१.९	९९१२९६७९	०.९८	ओमकारेश्वर किरण उत्तम जे भी
२	छार्का भेरी नदी तटबन्धन	१४	१४९९९७६५.८६	६३३१४२५	३९.१२	श्री मष्टा भवानी निर्माण सेवा
३	गाउँपालिका बाटो तटबन्धन	११	१९९९९४९२.८१	८२०४९२२	५२	श्री मष्टा भवानी निर्माण सेवा
४	कागकोट भेरी नदी तटबन्धन निर्माण योजना	१४	९९९९६८८.४८	३८४५९१०.७८	३९.१२	श्री मष्टा भवानी निर्माण सेवा
५	कागकोट देखि भारबुङ सडक निर्माण	११	१४९९९९७२.९५	४८७१८०३.८४	६८.४८	श्री मष्टा भवानी निर्माण सेवा
६	फोहोरमैला व्यवस्थापनका लागि डम्पिङ साईत निर्माण	६	८९९९८६५.७५	३७३६९५८.५१	४२.५०	श्री क्रिस एण्ड क्रिस्टिना निर्माण सेवा
७	१ नं.वडा कार्यालय भवन निर्माण	२	४९९९९७५.४	३३११९४९.९८	२२.५५	त्रिपुरा सुन्दरी ईन्जिनियरिङ्ग मल्टिपर्पोज कन्स्ट्रक्सन
८	आधारभूत स्वास्थ्य सेवा ईकाई भवन निर्माण	१	४९९९९७५.४	३२८५८६१.३२	४१.२५	त्रिपुरा सुन्दरी ईन्जिनियरिङ्ग मल्टिपर्पोज कन्स्ट्रक्सन
जम्मा		६३	१९५९७१७५५	१३२७१८५०७		

उपर्युक्त विवरण अनुसार पालिकाले ठेक्का बन्दोबस्त गर्दा सबै भन्दा बढी गाउँपालिका बाटो तटबन्धन योजनामा रु.१ करोड ९९लाख ९९ हजार लागत अनुमान रहेकोमा रु.८२,०४,९२२/- मा सम्झौता गरेको छ, जुन लागत अनुमानको तुलनामा ५२ प्रतिशत घटीमा ठेक्का सम्झौता भएको छ।

५.५ **निर्माण कार्य व्यवस्थापन** - पालिकाले आर्थिक वर्ष २०८०।८१ मा ठेक्का र उपभोक्ता समिति मार्फत सम्पन्न गरेको कार्यको विवरण देहाय बमोजिम रहेको छ ।

योजना संख्या	ठेक्का मार्फत		उपभोक्ता समिति मार्फत	
	संख्या	रकम	संख्या	रकम
२९	८	१,९६,५५,१००	२१	२,६०,६१,८७६

यस आर्थिक वर्षमा पालिकाले सञ्चालन गरेका कुल २९ योजना मध्ये ठेक्का मार्फत ८ वटा योजनामा रु.१ करोड ९६ लाख ५५ हजार खर्च गरेको छ, भने उपभोक्ता समिति मार्फत सञ्चालित २१ योजनामा रु.२ करोड ६० लाख ६१ हजार खर्च गरेको छ।अर्थात २९ योजनामा भएको खर्च मध्ये ४२ प्रतिशत ठेक्का प्रक्रिया र ५७ प्रतिशत रकम उपभोक्ता समिति मार्फत् खर्च गरेको देखिन्छ। पालिकाले निर्माण कार्य गर्दा प्रतिस्पर्धात्मक प्रणाली, निर्माण कार्यको गुणस्तर, सोको दिगोपना, उपभोक्ता समितिको क्षमता, निर्माण कार्यको प्रकृति लगायतका कुराहरुको समेत विचार गरी निर्माण कार्य सञ्चालन एंव व्यवस्थापन गर्न ध्यान दिनुपर्दछ ।

५.६ **सार्वजनिक जग्गामा भवन निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७(१) मा गाउँपालिका/नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । पालिकाले पेश गरेको विवरण अनुसार भवन र जग्गाको देहाय बमोजिम छ ।

क्र.सं.	भवनको विवरण	सम्झौता मिति	सम्झौता गर्ने पदाधिकारी	भवन निर्माण खर्च	कार्य सम्पन्न मिति	जग्गाको किसिम/ स्वामित्व	नक्सा पासको अवस्था
१	प्रशासकिय भवन	२०८०।०५।२१	अमरराज सेजुवाल प्र.प्र.अ	१,००,००,०००	निर्माणाधीन	सरकारी	छैन
२	१ नं वडा कार्यालय	२०८०।०९।०१	अमरराज सेजुवाल प्र.प्र.अ	३७,४०,३१८	२०८१।०१।२९	सरकारी	छैन
३	आधारभूत स्वास्थ्य सेवा केन्द्र	२०८०।०९।०१	अमरराज सेजुवाल प्र.प्र.अ	३६,९७,४९७	२०८१।०१।२९	सार्वजनिक	छैन
जम्मा				१,७४,३७,८१५			

६ **अनुदान फिर्ता** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघ र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदान समबन्धित शिर्षकमा खर्च गर्ने र खर्च गर्न बाँकी रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०८१ असार मसान्तमा देहाय बमोजिमको संघीय सशर्त अनुदान रु. १,३०,६७५९८.४८/- बाँकी रहेकोमा फिर्ता गरेको पाइयो ।

अनुदान प्रदान गर्ने निकाय	**अनुदानको प्रकार**	**प्राप्त रकम**	**खर्च रकम**	**फिर्ता रकम**
संघीय सरकार	सशर्त	५,२७,६०,०००	४,००,२७,३०९.५२	१,२७,३२,६९०.४८
	विषेश	२५,१३,८४६	२५,१३,८४६	०
	समपुरक	१३,६९,६५६	१३,६९,६५६	०
प्रदेश सरकार	सशर्त	१,४०,६०,२३२	१,४०,५४,८९७	५,३३५
	विशेष	३८,२८,३८२	३८,२७,४९७	८८५
	समपुरक	३५,७१,८६१	३२,४३,१७३	३,२८,६८८
	जम्मा	**७,८१,०३,९७७**	**६,५०,३६,३७८**	**१,३०,६७५९८.४८**

७ **कर्मचारी पदपूर्ति तथा सेवा प्रवाह** -

७.१ **कर्मचारी पदपूर्ति** - स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १२(१) अनुसार स्थानीय सेवाको कुनै पद रिक्त भएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिना भित्रमा पद रिक्त भएको सूचना सम्बन्धित स्थानीय तहले प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई दिनु पर्ने व्यवस्था छ । पालिकाको स्वीकृत कर्मचारी दरबन्दी ६५ जना रहेकोमा २२ जना स्थायी, २१ जना करारमा कार्यरत रही अधिकृत सातौं २, छैठौं १ लगायत २२ पदहरु रिक्त रहेका छन । पालिकाले गत विगत वर्षहरु देखि नै रिक्त पद पूर्तीका लागि तोकिए बमोजिम प्रदेश लोक सेवा आयोग र मन्त्रालयलाई सूचना दिने गरेको छ ।

७.२ **स्वास्थ्य तर्फ** - पालिकामा आर्थिक वर्ष २०८०।८१ मा संचालनमा रहेका स्वास्थ्य संस्थाको दरबन्दी पदपूर्ती र सेवा प्रवाहको अवस्था देहाय बमोजिम रहेको छ ।

स्वास्थ्य संस्थाको किसिम	स्वास्थ्य संस्थाको संख्या	दरबन्दी	पदपूर्ती
स्वास्थ्य चौकी	२	१२	५
जम्मा	**२**	**१२**	**५**

उक्त विवरण अनुसार पालिकामा जम्मा २ स्वास्थ्य केन्द्र/चौकी र सामुदायिक स्वास्थ्य ईकाइमा कुल १२ दरबन्दी रहेकोमा हाल ५ पूर्ती गरी सेवा प्रवाह गर्ने गरेको देखिन्छ ।

७.३ **सेवाप्रवाहको स्थिति** - पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्न विषयमा ८० जनालाई देहाय बमोजिम पञ्जिकरण सेवा प्रदान गरेको छ ।

विवरण	सेवा संख्या
जन्म दर्ता	६९
मृत्यु दर्ता	८
बसाईसराई दर्ता	२
विवाह दर्ता	२
सम्बन्ध विच्छेद दर्ता	०
जम्मा	**८०**

८ **सहकारी तर्फ** -

सहकारी संस्थाको विवरण - पालिकामा यस आर्थिक वर्षमा सहकारी संस्थाको विवरण देहाय बमोजिम रहेको छ ।

सहकारी संस्थाको किसिम	सहकारी संख्या	सदस्य संख्या	शेयर पूँजी रु	बचत रु	जगेडा कोष
वचत तथा क्रृण सहकारी संस्था लि.	०	०	०	०	०
बहुउदेश्यीय सहकारी संस्था लि.	०	०	०	०	०
कृषि सहकारी संस्था लि.	३	७५	१४,००,०००	५,५०,०००	५,५०,०००
अन्य	०	०	०	०	०
जम्माः	**३**	**७५**	**१४,००,०००**	**५,५०,०००**	५,५०,०००

पालिका भित्र आर्थिक वर्ष २०८०।८१ सम्म जम्मा ३ वटा सहकारी संस्था संचालनमा रहेका छन् ।३ वटा सहकारी संस्थामा ७५ जना शेयर सदस्या रहेका छन् भने उक्त सहकारी संस्थाहरुको शेयर पूँजी रु.१ करोड, वचत रु.४५ लाख, ५० हजार र जगेडा कोष रु.५ लाख ५० हजार रहेको छ ।

९ **कृषि तथा पशु तर्फ** -

९.१ **अनुदान व्यवस्थापन** - पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष कृषि पशु लगायतका क्षेत्रमा देहाय बमोजिम अनुदान वितरण गरेको छ ।

क्र स	अनुदानको क्षेत्र	कार्यक्रम संख्या	अनुदान रकम रु.
१	कृषि तर्फ	२	११,००,०००
२	पशु तर्फ	३	२४,८८,०००
जम्माः		**५**	**३५,८८,०००**

उपरोक्त विवरण अनुसार पालिकाले यस आर्थिक वर्षमा २०८०।०८१ मा कृषि कार्यक्रममा रु.११ लाख र पशु तर्फ रु.२४ लाख ८८ हजार समेत गरी कृषि र पशु कार्यक्रम तर्फ जम्मा रु.३५ लाख ८८ हजार अनुदान वितरण गरेको छ । अनुदान वितरण गर्दा संघीय र प्रदेश सरकारसंग दोहोरो नपर्ने तथा कार्यक्रम संचालनको दिगोपना सुनिश्चित गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

९.२ **विगत वर्ष दिएको अनुदानको उपयोग** - पालिकाले विगत वर्षमा दिएका अनुदानका केही व्यहोराहरु देहाय बमोजिम छन् ।

क्र स	अनुदान दिएको आर्थिक वर्ष	कार्यक्रम संख्या	कार्यक्रमको नाम	अनुदान रकम
१	२०७९।८०	१	चौरी प्रवद्र्धन	२०,००,०००
२	२०७९।८०	२	म्याग्लुङ भेडा विकास	३०,००,०००
३	२०७९।८०	३	च्याङ्गा पकेट विकास	१,६०,००,०००
	जम्मा			**२,००,००,०००**

उक्त अनुदान रकम उपयोगको प्रभावकारी अनुगमन गरी लक्षित नतिजा प्राप्त गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

९.३ **लम्पी स्किन** - पालिकाले उपलब्ध गराएको विवरण अनुसार पशु चौपायामा फैलिएको लम्पी स्किन रोगले देहायका पशु चौपायामा क्षती पुर्याएको देखिन्छ ।

पालिका भित्रका पशु चौपायाको संख्या	रोगबाट प्रभावित चौपायाको संख्या	मृत्यु भएका चौपायाको संख्या	औषधी उपचारमा भएको खर्च रु.
२७८८१	५,००० भ्याक्सिनेशन	०	१०,००,०००

उपरोक्त विवरण अनुसार पालिका भित्र पशु चौपाया २७,८८१ रहेको छ, भने ५,००० रोगबाट प्रभावित भएको देखिन्छ ।पालिकाले उक्त महामारी रोकथाम तथा नियन्त्रण गर्नका लागि रु.१० लाख को औषधी प्रयोग गरेको देखिन्छ ।

१० **कानुन निर्माण** -

कानुन निर्माण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा पालिकाले हालसम्म देहाय बमोजिम कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

सि.नं.	विवरण	संख्या
१.	ऐन	८
२.	नियमावली	६
३.	कार्यविधि तथा निर्देशिका	३७
	जम्मा	**५१**

पालिकाले आर्थिक वर्ष २०८०।८१ सम्म ८ ऐन, ६ नियमावली र ३७ कार्यविधि तथा निर्देशिका गरी जम्मा ५१ वटा कानुन निर्माण गरेको छ ।

११ **परामर्श खर्च -**

परामर्श सेवा खरिद - पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/८१ मा परामर्श सेवा (डि.पि.आर. समेत) वापत रु.१७४३७८१५ भुक्तानी गरेकोमा सोको विवरण देहाय बमोजिम रहेको छ ।

क्र.स.	कामको विवरण	परार्मशदाताको नाम	लागत अनुमान रु.	सम्झौता रकम रु.	घटी प्रतिशत	खरिद विधि
१	कागकोट भेरी नदी तटबन्धन	जिल ईन्जिनियरिङ सोलुसन प्रा.लि. किर्तीपुर २ काठमाण्डौ ।	१०,००,०००	९,९४,७८२	०.९९	सिलबन्दी
२	दर विश्लेषण	श्री कम्प्लेक्स स्टडी एण्ड रिसर्च सेन्टर हनुमानस्थान काठमाण्डौं	५,००,०००	४,९९,४६०	०.१	सिलबन्दी
जम्मा			**१५,००,०००**	**१४,९४,२४२**	**०.५५**	

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष कागकोट भेरी नदी तटबन्धन सडक लगायतका कार्यमा सिलबन्दी विधिबाट २ वटा सेवा खरिदका लागि जम्मा रु.१५ लाख को लागत अनुमान तयार गरी सम्झौता अनुसार रु.१४ लाख ९४ हजार भुक्तानी गरेको छ । उक्त खरिद गर्दा लागत अनुमानको तुलनामा औषतमा ०.५५ प्रतिशत कम रकममा खरिद सम्झौता भएको देखिन्छ।पालिकाले यस्तो कार्य गर्दा सम्भव भए सम्म कार्यालयकै प्राविधिक जनशक्तिबाट गराउने तथा परार्मश सेवा खरिद गर्नुपर्दाको अवस्थामा प्रतिस्पर्धात्मक विधिको अवलम्बन गरी सार्वजनिक खर्चमा अधिकतम् मितव्ययीता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१२ **आय तर्फ -**

खर्च र आन्तरिक आयको विश्लेषण - पालिकाको यस आर्थिक वर्षको खर्च र आन्तरिक आयको विवरण देहाय बमोजिम रहेको छ ।

क्र.स.	आर्थिक वर्ष	पालिकाको जम्मा खर्च रु.	आन्तरिक आय रु.	खर्च र आन्तरिक आयको प्रतिशत
१	२०८०।८१	१८,५७,१९,७७५.९२	९,४०,१३९	०.५०

पालिकाको यस आर्थिक वर्षको जम्मा खर्च रु.१८ करोड ५७ लाख १९ हजार रहेको छ भने राजश्व संकलन रु.९ लाख ४० हजार गरेको छ । पालिकाको कुल खर्च आन्तरिक आयको ०.५० प्रतिशत हुन आउँछ।अतः पालिकाले संघीय र प्रदेश सरकार प्रतिको निर्भरता घटाउँदै आन्तरिक आयको हिस्सा बढाउने तर्फ ध्यान दिनुपर्दछ ।

१३ **शिक्षा तर्फ -**

१३.१ **शिक्षक दरबन्दी मिलान र विद्यालय समायोजन -** पालिकाको औषत शिक्षक विद्यार्थी अनुपात १:१२ रहेको मा सार्वजनिक विद्यालय समायोजन एवं एकिकरण कार्यक्रम कार्यान्वियन कार्यविधि, २०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार संघीय कानूनले तोके बमोजिम विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य गरेको पाईएन । त्यसैले आवश्यकता र औचित्य समेतलाई विचार गरी प्रचलित कानून अनुसार विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान तर्फ सम्बन्धित निकायहरुले ध्यान दिनुपर्दछ ।

१३.२ **प्रति विद्यार्थी लागत -** पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०/८१ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

बजेट विवरण	बजेट रकम रु.	खर्च रकम रु.	विद्यार्थी संख्या	प्रति विद्यार्थी लागत
शिक्षा क्षेत्रको कुल बजेट	१,८१,७७,०००	१,३५,४०,४०८.६०	१९८	६८,३८५

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु.६८,३८५/- रहेको छ ।

१३.३ **विद्यालय र विधार्थी संख्या -** पालिकाले तयार पारेको शैक्षिक सत्र २०८० को विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

क्र.सं	विद्यालयको किसिम	विद्यालय संख्या	विधार्थी संख्या
१	सामुदायिक विद्यालय	७	१९८
	जम्मा	**७**	**१९८**

उपरोक्त विवरण अनुसार पालिकाको जम्मा विधार्थी संख्या १९८ जना रहेकोमा ३.५ प्रतिशत विद्यालयमा अध्यनरत रहेको देखिन्छ ।

१३.४ **शिक्षक विद्यार्थी अनुपात** - संघीय व्यवस्था अनुसार विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ मा केही विद्यालयहरुको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

क्र.स.	विद्यालय नाम	शिक्षक संख्या	विद्यार्थी संख्या	शिक्षक विद्यार्थी अनुपात
१.	तेन्जिङ नोर्गे आधारभुत विद्यालय	३	३३	११
२.	छार्का भोट आधारभुत विद्यालय	३	७२	२४
३.	सयपत्री आधारभुत विद्यालय	२	१७	८
४.	पुथा हिमाल आधारभुत विद्यालय	२	१५	७
५.	सप्तकोशी आधारभुत विद्यालय	२	१८	९
६.	जनजाग्रिती आधारभुत विद्यालय	२	३४	१७
७.	सुनगाभा आधारभुत विद्यालय	२	९	४
जम्मा		१६	१९८	१२

पालिकाले उपलब्ध गराएको विवरण अनुसार समग्र पालिकाका ७ वटा विद्यालय १६ जना शिक्षक र १९८ जना विद्यार्थी रहेकोमा औषत शिक्षक विद्यार्थी अनुपात १:१२ रहेको छ ।

१३.५ **सामुदायिक विद्यालयको दरबन्दी र पदपुर्ती** - आर्थिक वर्ष २०८०।०८१ मा पालिका भित्रका ७ वटा सामुदायिक विद्यालयको शिक्षक दरबन्दी र पदपूर्तीको अवस्था देहाय बमोजिम रहेको छ ।

विद्यालयको किसिम	दरबन्दी संख्या	स्थायी पदपूर्ती	पदपूर्ती मध्ये राहत/करार	रिक्त दरबन्दी
सामुदायिक	१६	१०	६	६

उक्त विवरण अनुसार पालिकामा जम्मा १६ दरबन्दी रहेकोमा १० जना स्थायी पदपूर्ती र ६ जना राहत/करारमा नियुक्त गरी जम्मा १६ पदपूर्ती गरेको देखिन्छ । पालिकाले विद्यालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ती गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१३.६ **बढी भुक्तानी** - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३७ को ३ मा संलग्न खर्चको बील भरपाइ सहितको लेखा राख्नु पर्ने र सोही नियमको उपनियम ८ मा संलग्न बील भरपाइ अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यबस्था उल्लेख छ।पालिकाले छार्का भोट आधारभूत विद्यालयलाई बैसाख देखि असार सम्मको शिक्षकको तलब भत्ता बापत निकासामा शिक्षक श्री कमलदीप सिंहको अनिवार्य अवकास भई २०८१।१।१३ सम्म हाजिरी रहेकोमा बैसाख महिनाको पुरै पारिश्रमिक रु.७५,७४३/- भुक्तानी गरेको देखियो। तसर्थ अवकास पछिको १७ दिनको तलब भत्ता बढी भुक्तानी रकम रु.३४,४२२/- असुल हुनु पर्ने रु.

असुल गर्नुपर्ने	३४,४२२

१४ गाँउपालिका चालु (ब.उ.शि.नं. ८०६६१५०२००१)

१४.१ **डोजर संचालन र ईन्धन खर्च** - पालिकाको स्वामित्वमा एक डोजर रहेकोमा यस आर्थिक वर्षको वैशाखमा थप एक ब्याकहु लोडर समेत गरी दुई साधन रहेका छन् । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :

• गाँउपालिकाले आफ्नो क्षेत्र भित्र सडक निर्माण कार्यका लागि आफ्ना डोजरहरु संचालन गरेकोमा पालिकाको प्राविधिक प्रतिवेदन अनुसार यस वर्ष रु.१,९१,७०,८९८/- सडक निर्माण गरेको विवरण प्राप्त भएको छ ।

• पालिकाले डोजरको परिचालन, मर्मत सम्भार, ईन्धन व्यवस्थापन लगायतका कार्यका लागि एक डोजर संचालन समिति गठन र संचालन गरेको छ भने उक्त समितिले पेश गरेको बिल अनुसार यस वर्ष रु.३९,७१,९००/- भुक्तानी भएको छ ।

• पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष ईन्धन खरिद, ईन्धन ढुवानी, कर्मचारी तलब, डोजर मर्मत र मर्मत समाग्री ढुवानीमा क्रमश: रु.६९,६६,१८०/-, ५४,८२,४००/-, १०,३५,०००/- र १६,८१,६८८/- समेत गरी जम्मा रु.१,५१,६५,२६८/- खर्च गरेको छ ।

• त्यसैगरी पालिकाले यस वर्ष ३९,९६६ लिटर डिजेल खरिद गरेकोमा ईन्धन खरिद र ढुवानीका आधारमा प्रति लिटर डिजेलको औसत मूल्य रु.३३३.६६ रहेको छ ।

• पालिकाले गत वर्षको मौज्दात, यस वर्षको खरिद र खर्च तथा बाँकी मौज्दात देखिने गरी डिजेलको एकमुष्ट रुपमा जिन्सी आम्दानी र एकमुष्ट रुपमा खर्च जनाउने गरेको छ ।

• पालिकाले आर्थिक वर्षको अन्त्यमा ईन्धन मौज्दात शून्य हुने गरी आर्थिक वर्ष २०७९/८० को असार ३० गते १३,७९० लि. र आर्थिक वर्ष २०८०/८१ को असार २१ गते २४,१६६ लिटर समेत गरी ३७,९५६ लिटर डिजेल खर्च एकमुष्ट रुपमा जिन्सी खाताबाट खर्च लेखेको देखिन्छ ।

• उक्त दुई आर्थिक वर्षको दुई दिनमा मात्र ३७,९५६ लिटरको औसत मूल्य अनुसार रु.१,२७,७८,२६६.९६/- बराबरको ईन्धन खर्च हुन आउँछ ।

• यस वर्षको असार २१ गते जिन्सी खाताबाट खर्च जनाएको ईन्धन मध्ये ७,३८७ लिटर डिजेलको माग फारम स्वीकृत भएको समेत देखिएन ।

त्यसैले डोजर सञ्चालन अवस्थाको पुष्टि हुने गरी लगबुक र कार्यको प्राविधिक प्रतिवेदन राख्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

१४.२ **ईन्धन मौज्दात परीक्षण तथा पून: जिन्सी दाखिला** – यस वर्ष २०८१ असार २१ गते जिन्सी खाताबाट खर्च जनाएको ईन्धन ३७,९५६ लिटर मध्ये ७,३८७ लिटर डिजेलको माग फारम स्वीकृत भएको देखिएन । यस सम्बन्धमा आर्थिक वर्षको अन्त्यमा जिन्सी खाताबाट खर्च जनाइ उक्त इन्धन निर्माण स्थलमा पठाएको पालिकाको भनाइ प्राप्त भएको छ । त्यसैले निर्माण स्थलमा रहेको इन्धनको सुरक्षाका लागि परिमाण एकिन गरी पूनः आम्दानी बाध्नुपर्दछ । साथै मागफारम स्वीकृति बेगर खर्च लेखेको ईन्धन ७,३८७ लिटरको रु.३३३.६६ का दरले (ढुवानी समेत) आम्दानी बाँधि प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२४,८६,९०७

१५ सामाजिक सुरक्षा -

सामाजिक सुरक्षा - आर्थिक वर्ष २०८०।८१ मा पालिकाले वितरण गरेको सामाजिक सुरक्षा रकम र लाभग्राहीको विवरण देहाय बमोजिम रहेको छ ।

क्र.स.	पालिकाको जनसंख्या (२०७८ सालको जनगणना अनुसार)	लाभग्राही संख्या	लाभग्राही प्रतिशत	सामाजिक सुरक्षा रकम रु.
१	१६७८	३६८	२१.९३	८८,८८,६१०

उपरोक्त विवरण अनुसार पालिकामा २०७८ सालको जनगणना अनुसार लाभग्राहीको संख्या पालिकाको कुल जनसंख्याको २१.९३ प्रतिशत रहेको छ।पालिकाले सामाजिक सुरक्षाको लाभग्राहीको लगत अद्यावधिक, हिसाब मिलान तथा अनुगमन निरीक्षणको कार्यमा समेत ध्यान दिनुपर्दछ ।

१६ **प्रधानमन्त्री रोजगार कार्यक्रम -**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत पालिका भित्रका ५ वडाहरुमा ५ वटा योजनामा बाटो खन्ने, अरु सवै घेरवार लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १९७ जनालाई रोजगारी उपलव्ध गराई रु.६४ लाख ८६ हजार खर्च गरेको छ ।

१७ **उपभोक्ता मार्फत निर्माण कार्य -**

पालिकाले यस वर्ष उपभोक्ता समिति मार्फत् ३४ योजना कार्यान्वियन गरी रु.४,१०,१५,५००/- खर्च गरेकोमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार छन्:

• उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बिलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा समान रकमको रहेको ।

• पालिकाले गराएका निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश गरी निर्माण कार्यको गुणस्तर परीक्षण हुने नगरेको ।

• पालिकाले झोलुङ्गे पुल तथा सडक निर्माण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको ।

• उपभोक्ता समिति मार्फत् कार्य गराउने गरी सम्झौता गरेका योजनाहरु उपभोक्ता समिति आफैले काम नगरी निर्माण व्यवसायी मार्फत् काम गराई भुक्तानी हुने गुनासो रहेको तथा उपभोक्ता समितिसँग भएको सम्झौता रकम आसपास हुने गरी निर्माण व्यवसायीहरुको विल राखी भुक्तानी लिने गरेको ।

• पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिई नगद सहभागिता नदिएको ।

• सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सोको भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता हुने नगरेको ।

• उपभोक्ता समितिबाट सामाग्री खरिद गर्ने सम्झौता गरी सो अनुसार भुक्तानी हुने गरेको ।

• पालिकाले निर्माण व्यवसायीसँग प्रतिप्रधात्मक विधिबाट गराउन सक्ने काम उपभोक्ता समितिबाट गर्दा प्रतिस्पर्धाको लाभबाट पालिका बञ्चित हुन पुगेको ।

त्यसैले अधिक जनसहभागिता जुट्ने तथा निर्माण व्यवसायीबाट गर्न/गराउन नसकिने कार्यहरुमा मात्र उपभोक्ता समिति मार्फत् गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

१८ **प्रशासकीय भवन निर्माण तर्फ -**

पालिकाले प्रशासकीय भवन निर्माण (ठेक्का नं.CTRM/DOLPA/WORKS/NCB/09-079/80) का लागि ओमकार्यश्वर/किरण/उत्तम जे. भि. सँग मिति २०८०/५/२१ मा सम्झौता गरेकोमा देखिएका मूख्य व्यहोराहरु देहाय बमोजिम छन् :

• ४ निर्माण व्यवसायीले बोलपत्र पेश गरेकोमा Site Investigation Report पेश नगरेको कारण २ र Site Investigation Report तथा Line of Credit पेश नगरेको कारण १ गरी ३ निर्माण व्यवसायीको प्रस्ताव मूल्यांकनमा समावेश नगरेको ।

• भवन निर्माणको लागत अनुमान रु.११,६९,७३,०२१.८६/- रहेकोमा मिति २०८३/५/२० मा निर्माण सम्पन्न गर्ने गरी ओमकार्यश्वर/किरण/उत्तम जे. भि. ले रु.११,०९,२९,६८९.९१/- मा कबोल गरेको । जुन लागत अनुमानको तुलनामा ५.१७ प्रतिशत न्यून रहेको ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(४) मा तोकिए भन्दा १३ महिना कम अवधि (२०८३/५/२०) सम्मको रु.४९,०८,३९५/- को कार्य सम्पादन जमानत रहेकोमा लेखापरीक्षण अवधिमा उक्त जमानतको म्याद २०८४/६/२० सम्म थप भई सोको प्रमाण पेश हुन आएको ।

• सार्वजनिक खरिद नियमावली, २०६४ नियम ११३(४) अनुसार उपनिमय (३) बमोजिमको बैंक जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्र्यौट गर्नुपर्ने अवधिभन्दा कम्तीमा एक महिना भन्दा बढी अवधिको हुनुपर्नेमा निजले पेश गरेको रु.१,१०,९२,९६८/- को पेश्की जमानतको म्याद २०८०/९/१० मा समाप्त भएकोमा लेखापरीक्षण अवधिमा २०८२/५/२० सम्म म्याद थप गरी प्रमाण पेश गरेको ।

• सार्वजनिक खरिद ऐनको खरिद नियमावली २०६४ को नियम ११२ बमोजिम २० लाख भन्दा बढी मूल्यको निर्माणको बिमा गर्नुपर्नेमा निर्माण कार्यको बिमा नभएको ।

• लेखापरीक्षण अवधि सम्ममा निर्माण व्यवसायीले निर्माण सामाग्री संकलन र ढुवानीको कार्य गरिरहेकोले निर्माण कार्य प्रारम्भ नभएको जानकारी प्राप्त भएको ।

त्यसैले सम्झौता बमोजिम भवन निर्माण कार्य समयमै सम्पन्न गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

१९ **संघीय सरकार समपूरक तर्फ -**

कालोसूची सिफारिस - पालिकाले यस वर्ष तोकिए बमोजिमको कार्य शुरु नै नगरेका कारण सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ बमोजिम देहाय बमोजिमका निर्माण कार्य गर्ने व्यवसायीसँगको ठेक्का सम्झौता अन्त्य गरी कालो सूचीमा राख्न २०८१/४/१३ को निर्णयानुसार सार्वजनिक खरिद अनुगमन कार्यालयलाई परिपत्र गरेको छ । तर लेखापरीक्षण अवधि सम्म निर्माण व्यवसायीको कार्य सम्पादन जमानत वापतको रकम जफत भएको देखिएन । त्यसैले उक्त जमानत रकम जफत गरी प्रमाण पेश गर्नुपर्ने रु.

क्र.स.	**निर्माण व्यवसायीको नाम**	**ठेक्का नं.**	**विवरण**	**सम्झौता रकम रु.**	**बैंक जमानत रकम रु.**
१	मष्टा भवानी निर्माण सेवा, मुड्केचुला	CTRM/DOLPA/WORKS/NCB/02/080-81	गाँउपालिका बाटो तटबन्धन निर्माण योजनाको लागत अनुमान रु.१९९९९४९२.८१ रहेकोमा मिति २०८१/३/१५ सम्म निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको ।	९२७१५६२.४३	३५७२५५७.८९
				प्रमाण पेश नगरेको	३५,७२,५५७.८९

२० **प्रदेश सरकार समपूरक तर्फ -**

कालोसूची सिफारिस - पालिकाले यस वर्ष तोकिए बमोजिमको कार्यको ३१.५२ प्रतिशत मात्र सम्पन्न गरी बाँकी कार्य नगरेका कारण सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ बमोजिम देहाय बमोजिमका निर्माण कार्य गर्ने व्यवसायीसँगको ठेक्का सम्झौता अन्त्य गरी कालो सूचीमा राख्न २०८१/४/१३ को निर्णयानुसार सार्वजनिक खरिद अनुगमन कार्यालयलाई परिपत्र गरेको छ । निजलाई उक्त कार्य वापत रु.१७,३५,१०२.४१/- भुक्तानी भएकोमा रु.३७,७०,०३५.९७/- को निर्माण कार्य बाँकी रहेको देखिन्छ । साथै लेखापरीक्षण अवधि सम्म निर्माण व्यवसायीको कार्य सम्पादन जमानत वापतको रकम जफत भएको देखिएन । त्यसैले उक्त जमानत रकम जफत गरी प्रमाण पेश गर्नुपर्ने रु.

क्र.स.	निर्माण व्यवसायीको नाम	ठेक्का नं.	विवरण	सम्झौता रकम रु.	बैंक जमानत रकम रु.
१	मष्टा भवानी निर्माण सेवा, मुड्केचुला	CTRM/DOLPA/WORKS/NCB/04/080-81	कागकोट देखि भारबुङ सडक निर्माण योजनाको लागत अनुमान रु.१४९९९९७२.९५ रहेकोमा मिति २०८१/३/१५ सम्म निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको ।	५५०५१३८.३८	२७६९२१६.००

प्रमाण पेश नगरेको	२७,६९,२१६

२१ **पूँजिगत कार्यक्रम तर्फ -**

२१.१ **फोहोरमैला व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली¸ २०७७ नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टि गर्ने बील भरपाई कागजात र प्रमाण संलग्न राख्नु पर्ने उल्लेख छ । पालिकाले १०२-२०८०।८।२३ बाट फोहोरमैला व्यवस्थापनका लागि निमा आङग्याल गुरुङलाई रु.२,००,०००/- भुक्तानी भएकोमा ३ जनाले रु.६,०००/- बुझेको भरपाइ पेश नभएकोले निजबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	६,०००

२१.२ **बिमा नगराएको** - सार्वजनिक खरिद ऐनको खरिद नियमावली २०६४ को नियम ११२ बमोजिम २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यावसायीले बिमा गर्नुपर्ने व्यवस्था अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको स्टान्डर्ड बिड डकुमेन्टमा समेत खरिद संम्झौताको कम्तिमा ११५ प्रतिशत कभर हुनेगरी बिमा गर्नुपर्ने शर्त रहेको छ । पालिकाबाट खरिद गर्ने कुनै पनि निर्माण कार्यको अनुमानमा बीमा आइटम समावेश गरेको देखिएन। सार्वजनिक खरिदको परिकल्पना एवं निर्माण कार्यको सुनिश्चितता समेतका लागि निर्माण कार्यको संम्झौता बमोजिम बिमा गराउनु पर्दछ ।

२१.३ **वितरणको भरपाई नभएको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली¸ २०७७ नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्ता रकम पुष्टि गर्ने बील भरपाई कागजात र प्रमाण संलग्न राख्नु पर्ने उल्लेख छ ।पालिकाले १०६-२०८०।८।२३ बाट वडा कार्यालय सञ्चालन तथा प्रशासनिक व्यवस्थापनका लागि निमा होजेर गुरुङलाई रु.२,००,०००/- भुक्तानी दिइएकोमा आवश्यक विल भरपाइ पेश भएको पाइएन । पालिकाले भुक्तानी दिएको खर्चको आवश्यक विल भरपाइ पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२,००,०००

२१.४ **अमानतबाट कार्य** – सार्वजनिक खरिद नियमावली, २०६४ को ९८(३) अनुसार अमानतबाट निर्माण कार्य गर्नु परेमा त्यस्तो काम एक लाख रुपैयाँमा नबढाई खण्ड-खण्ड गरी वार्ताबाट गराउन वा निर्माण सम्बन्धि काम आवश्यक निर्माण सामग्री उपलब्ध गराई ज्यालामा दिन सकिने व्यवस्था छ । पालिकाले पर्यटन सूचना वोर्डको कार्यका लागि दिलिप कुमार बुढालाई ६२/६३-२०८१।१।४ बाट रु. ११,००,०००/- भुक्तानी दिएको छ । नियमावलीमा भएको व्यवस्था विपरित भुक्तानी दिएको अनियमित देखिएको रु.

अनियमित भएको	११,००,०००

२२ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५१ अनुसार सरकारी रकम पेश्की लिने कर्मचारी वा अन्य जुनसुकै व्यक्तिले नियमावलीमा तोकिएको म्याद भित्र पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न प्रयोजनको लागि निम्न संस्थालाई उपलव्ध गराएको म्याद ननाघेको रु.१,००,००,००० पेश्की आर्थिक वर्षको अन्त्यसम्म पेश्की बाँकी देखिएको छ ।

भौ.नं. मिति	पेश्की लिनेको विवरण	पेश्कीको विवरण	म्याद नाघेको	म्याद ननाघेको	जम्मा
१८।२०८०।०६।१५	ओम कार्यश्वर किरण उत्तम जे भी	प्रशासकिय भवन निर्माण		१,००,००,०००	१,००,००,०००
जम्मा				१,००,००,०००	१,००,००,०००

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : छार्का ताङसोङ गाउँपालिका, डोल्पा , छार्का ताङसोङ गाउँपालिका , डोल्पा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	अमरराज सेजुवाल	२०७८-१२-९	हाल सम्म कार्यरत
लेखा प्रमुख	रामकृष्ण वुढा	२०७६-१२-११	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
४०,४२२	१,१००,०००	९,०२८,६८०.८९	०	०	०
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					१०,१६९,१०२.८९
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्योट गरी संपरीक्षण भएको रकम रु.					०
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					१०,१६९,१०२.८९

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४८२९६६८९.४	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	१२०९९९५०२	**चालु खर्च**	१०९७३००२४.९२
प्रदेश सरकारबाट अनुदान	२४४७२४७५	**पूँजीगत खर्च**	७५९८९७५१
राजश्व बाँडफाँट	३७०३२२५७.७४	**वित्तीय/अन्य व्यवस्था**	१२३८१४८३.८३
आन्तरिक आय	९४०१२८.०		
अन्य आय	११६३९८०८.६१		
कुल आय	१९५०८४१७१.३५	**कुल खर्च**	१९८१०१२५९.७५
बाँकी मौज्दात		४५२७९६०१	

अनुसूची - २

सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- भौतिक संरचना निर्माण गर्दा गुणस्तर आश्वस्तता योजनाले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्र्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्र्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्र्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्र्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका सुझावहरु कार्यान्वयन हुनु पर्दछ ।

- पालिकामा निर्माणाधीन भौतिक संरचनाहरु समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।